स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सुरक्षा पन्त अभिनित नाटक 'क्लेशाः' २३ औं भारत रंग महोत्सवमा छनोट भइसकेको खबर यसअघि नै आइसकेको छ । यतिबेला भने यो नाटकको भारत मञ्चनलाई लिएर नयाँ खबर छ । प्रतीक्षा कट्टेलको लेखन र विजया कार्कीको परिकल्पना तथा निर्देशन रहेको यो नाटक फेब्रुअरी १७ र १९ सम्म मञ्चन हुने तय भएको छ । यो नाटक भारतीय रंग महोत्सवमा सन् २०२२ का लागि छनोट भएको थियो ।

**आजको विचार...**



विनयकुमार सोनू

प्रमुख...
(दुई पेजमा)




अभिनेत्री रेखा थापा यही माघ अन्तिम अथवा फागुनको पहिलो हप्ताभित्र आमा बन्दैछिन् । रेखाको 'बेबी प्लान'लाई लिएर यतिबेला राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र रेखाबीच आरोप-प्रत्यारोप चर्किएको छ । पार्टीनिकट प्राज्ञिक परिषद्को कार्यक्रममा शनिबार लिङ्देनले पार्टी नेतृ समेत रहेकी रेखालाई लक्षित गर्दै कटाक्ष गरेका थिए । लिङ्देनको अभिव्यक्तिमा देशको यथार्थसँगै रेखाप्रति कटाक्ष पनि छ । अब यसले लिङ्देन र रेखाबीच दरार उत्पन्न गराउन सक्ने अड्कलबाजी सुरु भएको छ । रेखा पार्टीमा लिङ्देन पक्षधर हुन् ।

❒ वर्ष २९ ❒ अंक १८१ ❒ २०८० माघ १५ गते सोमबार 29 January 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# कुष्ठरोगी पहिचानमै सकस

## पाल्पामा ११ जना कुष्ठरोगी



रामचन्द्र रायमाझी

**पाल्पा,** माघ १४/कुष्ठरोगी पहिचानमा सकस भएको छ । उनीहरु अझै पनि खुलेर बाहिर आउन नसक्दा पहिचानमा सकस देखिएको हो । यो रोग नियमित औषधि सेवन गरे पूर्णरूपमा निको हुने भएपनि समाजमा अपहेलित होइने डरले निर्धक्कसँग खुल्न नसक्दा रोग पहिचानमै सकस देखिएको छ । कुष्ठरोगका लक्षण देखिए पनि परिवार र समुदायबाट विभेद हुने डरले उनीहरु उपचारका लागि अस्पताल नगई रोग पालेर बस्दा कुष्ठरोगी पहिचान गर्न गाह्रो भएको हो । साँघुरो सामाजिक सोंच, लज्जा, जनचेतनाको अभाव, अन्धविश्वासले बिरामीहरू खुलेर उपचार गराउन अस्पताल जादैनन् ।

परिवार र समुदायबाट विभेद हुने भएकाले कुष्ठरोगीहरू खुलेर सार्वजनिक ठाउँ र कार्यक्रममा जानसमेत हिच्किचाउने अवस्था रहेको जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा.राजेन्द्र गिरीले एनजेडीसँगको कुराकानीमा बताए । 'समाजमा अझै पनि कुष्ठरोगीलाई हेर्ने परम्परागत नजर बदलिएको छैन ।' उनले भने, 'राजनीतिक परिवर्तन भएपनि सामाजिक परिवर्तन हुन सकेको छैन । समाजमा यसलाई पाप गर्नेहरूलाई लाग्ने रोगको रूपमा हेरिन्छ ।' परम्परागत मान्यता, भेदभावलगायत कारणले कुष्ठरोगीलाई घृणा गरिने भएकाले उनीहरूलाई समाजमा खुलेर बस्ने वातावरण सिर्जना गर्नु अहिलेको मुख्य चुनौती रहेको उनको भनाई छ । 'यो रोग लाग्दा सुरुमा खासै समस्या हुँदैन, जसले गर्दा पनि विरामीहरु अस्पतालसम्म पुग्न चाहँदैनन्, यसले पनि रोग पहिचानमा सकस छ' प्रमुख गिरीले भने । नेपाल सरकारले सन् २०३० सम्ममा कुष्ठरोग मुक्त नेपाल बनाउन राष्ट्रिय कुष्ठरोग रणनीति लागू गरेको छ । तर, कुष्ठरोगीको पहिचान गर्नै सकस हुँदा उपचारमा कठिनाइ हुने गरेको छ ।

**पाल्पामा ११ जना कुष्ठरोगी**

पाल्पामा अझै पनि ११ जना कुष्ठरोगीहरु रहेका छन् । जसमा तानसेन नगरपालिकामा ५, रामपुर नगरपालिका, निस्दी गाउँपालिकामा २/२, माथागढी गाउँपालिका र बगनासकालीमा १/१ जना कुष्ठरोगी रहेको स्वास्थ्य कार्यालय पाल्पाका क्षयकुष्ठ रोग अधिकृत विश्वनाथ न्यौपानेले बताए । उनका अनुसार चालु आर्थिक वर्षको कार्तिक महिनाको मसान्तसम्म ११ जना कुष्ठरोगीले नियमित औषधि सेवन गर्दै आएका छन् । यो संख्या गत वर्ष भन्दा कम हो । २०७९ मा जिल्लामा १२ जना कुष्ठरोगी रहेका थिए । विगत पाँच वर्ष देखिको अवस्था हेर्ने हो भने जिल्लामा कुष्ठरोगीको संख्या स्थिरजस्तो देखिन्छ । कुनै वर्ष संख्या थपिएको छ भने कुनै वर्ष संख्या ओरालो लागेको देखिन्छ । पाल्पामा २०७६ मा १५ जना कुष्ठरोगीका विरामी रहेका थिए । त्यसयता २०७७ मा १३ जना, २०७८ मा १८ जना रहेको स्वास्थ्य कार्यालय पाल्पाको तथ्याङ्कमा रहेको छ । यहाँ अन्य जिल्लाबाट पाल्पामा आएका व्यक्तिको संख्यालाई समेत गणना गरिएको हो । नेपालमा कुष्ठरोग जनस्वास्थ्यको समस्याका रूपमा छैन भनेर घोषणा गरिए पनि अझै धेरै जिल्लाहरुमा यो रोग हट्न सकेको छैन । पाल्पा भने कुष्ठरोग निवारणको चरणमा छ । यहाँ कुष्ठरोगका विरामी भए पनि त्यति ठूलो संख्यामा नरहेको स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा.राजेन्द्र गिरीले बताए । अन्य जिल्लाहरुको तुलनामा यहाँ कुष्ठरोगीहरुको अवस्था मध्यम रहेको उनको भनाई छ । गिरीले कुष्ठरोग निवारणको चरणमा पाल्पा रहेको बताए । कुष्ठरोग लागेकाहरूले नियमित औषधि सेवन गरेमा अन्यमा नसर्ने उनको भनाई छ । कुष्ठरोगप्रति सामाजिक भेदभाव बढी भएकाले त्यसबारे सचेतना ल्याउनुपर्ने डा.गिरीले बताए । 'यो ब्याक्टेरियाबाट सर्ने रोग भएकाले धार्मिक अन्धविश्वास बारे भ्रम चिर्नुपर्छ' उनले भने, 'औषधि खान थालेपछि सर्ने दर ९९ प्रतिशत घट्छ ।' बिरामीले आफ्नो समस्या निको हुनका लागि मात्रै ६ महिनादेखि १ वर्षसम्म औषधि सेवन गर्नुपर्छ । शरीरमा लाटो फुस्रो दाग देखिएमा कुष्ठरोगको सम्भावना रहन्छ । त्यस्ता मानिसले समयमै जचाउनुपर्ने गिरीले बताए । कुष्ठरोग लागेपछि शरीरका अंगले घाउ भएको समेत थाहा नपाउने भएकाले अन्य संक्रमणको जोखिम पनि उत्तिकै हुन्छ । कुष्ठरोगलाई जनस्वास्थ्यको साझा समस्याको रुपमा लिएर फेरि उपचार र खोजी अभियान थाल्नुपर्ने उनले बताए । अहिले पनि ग्रामीण क्षेत्रमा कुष्ठ रोग लागेमा लुकाउने प्रचलन रहेकाले त्यसलाई समयमै उपचार गर्न उनले आग्रह गरे । प्रमुख गिरीले स्थानीय सरकारसँगको समन्वयमा स्वास्थ्य कार्यालयले समुदायमै गएर शिविरमार्फत विरामीहरुको पहिचान गर्ने कामलाई अगाडि बढाएको बताए ।

### सक्षिप्त समाचार

## मन्दिर भत्किँदा एकको मृत्यु, १७ घाइते

(रासस/एएफपी)

**नयाँदिल्ली,** माघ १४/भारतको राजधानी नयाँदिल्लीमा भक्तजनका लागि बनाइएको मञ्च एक्कासि भत्किँदा एक महिलाको मृत्यु हुनुका साथै १७ जना घाइते भएका छन् ।

'आइतबार बिहानै हामीलाई कालकाजी मन्दिरको एउटा स्टेज भत्किएको खबर आयो । तत्काल उद्धार टोली घटनास्थलमा पुगेको छ,' स्थानीय प्रहरी अधिकारीले भने । घाइतेहरूलाई विभिन्न अस्पतालमा भर्ना गरिएको र उनीहरूको अवस्था स्थिर रहेको प्रहरीले जनाएको छ । घटनापछि कार्यक्रम स्थलमा भागदौड मच्चिएको थियो र मानिसहरु भागेर आत्तिएर चिच्याइरहेका देखिन्थे । प्रहरी अधिकारीलाई उदृत गर्दै स्थानीय सञ्चारमाध्यमले मन्दिरमा बिना अनुमति धार्मिक कार्यक्रम आयोजना गरिएको जनाएका छन् । कार्यक्रममा महिला र बालबालिकासहित एक हजार ६ सय भन्दा बढीको सहभागिता रहेको थियो ।

भिडिओमा घटनास्थल खचाखच भरिएको देख्न सकिन्छ । प्रारम्भिक अनुसन्धान अनुसार मान्छेको वजन धान्न नसकेर मन्दिरको अगाडि बनाइएको स्टेज भत्किएको थियो । दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले ती महिलाको निधनप्रति दु:ख व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । उनले यस्ता ठूला कार्यक्रम आयोजना गर्दा सुरक्षा नियम पालना गर्न आग्रह गरे ।

## करेन्ट लागेर एक महिलाको ज्यान गयो



**स्याङ्जा,** माघ १४/जिल्लाको स्याङजा पुतली बजार नगरपालिका-८ काहुलेमा करेन्ट लागेर एक महिलाको ज्यान गएको छ । आइतबार विहान घाँसले विजुलीको पोलमा छुन गई करेन्टर लागेर काहुलेकी ५० वर्षीया चन्द्रकुमारी सुनारको ज्यान गएको हो ।

घाँस बोकेर घर फर्कने क्रममा घाँसले बिजुलीको पोलमा छुन गई सुनारलाई करेन्ट लागेको थियो । करेन्ट लागेर उनको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक ईन्द्रबहादुर रानाले जानकारी दिए । उनको शवलाई पोष्टमार्टमको लागि जिल्ला अस्पताल स्याङजा पठाईएको प्रहरीले जनाएको छ । घटनाको थप अनुसन्धान भइरहेको छ ।

## तीन वर्षमा पाँच किमी सडकको आधा मात्र काम

**लुम्बिनी (मर्चवार),** माघ १४/काम सुरु भएको तीन वर्ष बितेको छ । प्रदेश सरकारको योजना अन्तर्गत बेल्बास-बेथरी-मर्चवार खण्डमा पाँच किमी सडक निर्माण सम्पन्न हुन सकेको छैन ।



फाइल फोटो

'कनेक्टिभिटी' सुधार गर्न र मर्चवारको विकासलाई प्रोत्साहन गर्ने महत्वाकांक्षी परियोजना निर्माणमा १ सय १७ रुखले बाधा पुर्‍याएका छन् । विसं २०७७ कात्तिक १६ गते लुम्बिनी-अर्घाखाँची बाबुल जेभी रुपन्देहीको नाममा टेन्डर स्वीकृत भएको हो । तर प्रतिज्ञा गरिएको पाँच किलोमिटर सडक अधुरै छ । निर्माण कम्पनीले सडकका रूख हटाउनुअघि नेपाल सरकारबाट कानुनी निर्देशन पर्खन बाध्य भएकाले निर्माण सम्पन्न हुन नसकेको बताइएको छ । निर्माणाधीन सडकको अवस्थाले भैरहवासम्मको यात्रामा सामान्यतया २० मिनेटबाट एक घण्टा बढी समय लम्ब्याएको छ । यसले स्थानीयको दैनिक जीवनमा बाधा पुर्‍याउने मात्र नभई समग्र क्षेत्रको विकासमा अवरोध गरेको छ । निर्माणले समग्र क्षेत्रको विकासमा असर गर्दै असुविधा फैलाएको स्थानीय राकेश चौधरीको भनाइ छ । उनी भन्छन्, 'निर्माणाधीन धुलाम्मे सडक बीचमा रहेका रुखले जोखिम बढाएको छ ।' सम्मरीमाई गाउँपालिका-७ का वडाध्यक्ष राधेश्याम कुर्मीले सडकभर छरिएर रहेका रुख नहटाइकन भइरहेको कमसल निर्माणका कारण उत्पन्न समस्याबारे चिन्ता व्यक्त गर्दै जोखिम बढेको टिप्पणी गर्छन् । मर्चवार नहर को दुवैतर्फ सडक विस्तार गरी बेथरीमा जोड्ने सरकारी योजना छ । जिल्ला सदरमुकाम भैरहवा कनेक्टिभिटीका लागि यसअघिको साँघुरो सडकले मर्चवारलाई भैरहवा-लुम्बिनी सडकसँग वनगाइमा जोडेको छ । निर्माणाधीन सडकको जग्गा नेपाल सरकारको स्वामित्वमा छ । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नेपाल नर्सिङ दिवसको औचित्य

वि.सं. २०१८ माघ १५ गते आजकै दिन नेपाल नर्सिङ संघको स्थापना भएको थियो । यसै उपलक्ष्यमा हरेक वर्ष माघ १५ गते नेपाल नर्सिङ दिवस मनाउने गरिन्छ । सोमबार पनि देशभर यो दिवस मनाउन लागिएको छ । नेपालमा नर्सहरूको पेसागत हकहित र सुरक्षाका लागि भन्दै नेपाल नर्सिङ संघ स्थापना भएपनि नेपालका नर्स अझै न्यूनतम सेवा सुविधाका लागि लड्न बाध्य छन् । नर्सिङको इतिहास नेपालमा खासै पुरानो नभए पनि अहिलेको परिपक्ष्यमा नर्सहरूको महत्व अनि विकास धेरै भइरहेको छ । नर्स बिनाको अस्पतालको परिकल्पना गर्न सकिदैन । तर पनि नर्सिङ पेसा अझै व्यवस्थित हुन सकेको छैन । नर्सलाई न्यूनतम पारिश्रमिक पाउन आन्दोलनमै होमिनुपर्ने बाध्यता छ । बिरामीको सेवामा दिनरात खट्नुपर्ने नर्स पेसाप्रति सन्तुष्ट हुन नसकेपछि अहिले विदेशिन बाध्य छन् । यो नेपालको स्वास्थ्य क्षेत्रका लागि दुखको कुरा हो ।

कोरोना महामारीका बेला नर्सले आफ्नो सुरक्षाको पर्वाह नगरी सेवा प्रदान गरेको कसैले बिर्सन सक्दैन । जसका कारण नर्सहरूको जति नै प्रशंसा गरे पनि कमै हुन्छ । कोभिड–१९ को उपचारमा जोखिम मोलेर फ्रन्टलाइनमा खटिइरहेका नर्सहरूका कारणले पनि नर्सिङ दिवसको महत्व अझै बढेको छ । त्यस्तो कठिन समयमा पनि आफ्नो स्वास्थ्य, घर परिवारको चिन्ता नगरी आफ्नो कर्तव्य निष्ठाका साथ पालना गरी बिरामीको सेवा गर्नमा तत्पर थिए र अहिले पनि छन् । त्यसैले नर्सको नेतृत्व गर्ने संस्था नेपाल नर्सिङ संघका पदाधिकारीहरूले दिवसको 'सेलिब्रेसन' गर्ने मात्र नभई उनीहरूको हकहितका लागि दीर्घकालीन योजना बनाएर यस पेसामा संलग्न सम्पूर्ण कर्मचारीको हक सुरक्षित गर्नुका साथै भविष्य समेत सुनिश्चित गर्ने दिशामा लाग्न जरुरी छ । यसो भयो भने मात्र दिवस मनाउनुको औचित्य रहन्छ ।

### Opinion @ Social Network

सम्बन्ध मनले जोड्छ, मुखको बोलीले होईन ! केही मान्छे धेरै गफ गरेर पनि आफ्ना हुँदैनन् कोही मौन रहेर पनि आफ्नो बनिदिन्छन् ।

*(पवित्रा मरासिनीको फेसबुक स्टाटसबाट www.facebook.com/Pabitra Marasini)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रमुख प्रशासकीय अधिकृत पद रहर वा बाध्यता ?



## विनयकुमार सोनू

नेपालमा संघ, प्रदेश र स्थानीय गरी ७६१ वटा सरकार अस्तित्वमा रहेका छन् । महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरुलाई स्थानीय सरकार वा स्थानीय तह भनिने गरेको छ । यी स्थानीय तहहरू जनताको नजिकको निकाय मात्रै नभई संघीय र प्रदेश सरकार तथा नियामक र न्यायिक निकायहरुको प्रयोगशाला पनि बन्दै गएका छन् । अंग्रजीमा यसलाई 'लोकल लेभल इज द हार्डवेयर अफ अल काइन्ड्स अफ सफ्टवेर एन्ड टुल्स अफ हाइयर लेभल अफ गभरमेन्ट'को रूपमा पनि परिभाषित गर्ने गरेको छ । संघीय र प्रादेशिक सरकारले गरेको निर्णय, दिएको निर्देशन, तयार गरेको कानून कार्यविधिहरुको कार्यान्वयन गर्ने स्थल नै स्थानीय सरकार हो । नियामक निकायहरुले लोकतन्त्रमा आफ्नो शक्ति प्रदर्शन र उजागर गर्ने कर्मभूमि नै स्थानीय तह बनेको अवस्था छ । देशमा भ्रष्टाचार नियन्त्रणमा आफूलाई सक्षम ठान्ने निकायले पनि आफ्नो प्रगति स्थानीय तहमै खोज्ने गरेको छ । कानून, संरचना, जनशक्ति, श्रोत साधनमासमेत कमजोर रहेको स्थानीय तह नै अरु सबै स्तरको सरकारको प्रगतिको सूचक बन्ने गरेको छ । स्थानीय तहलाई केही विज्ञहरुले संघीय र प्रादेशिक निकायहरुको 'नेसेसरी डस्टबिन' पनि भन्ने गरेको छ । संवैधानिक, संघीय र प्रादेशिक संयन्त्रले निर्धारण गरेको नीति, निर्णय, निर्देशन, कार्यक्रम योजना र बजेट दक्ष जनशक्तिको अभावमा अनावश्यक रूपमा स्थानीय तहमा थुप्रिन पुगेको अवस्था छ ।

तीन तहका राजनीतिकर्मीहरूले स्थानीय तहलाई भोट बैंकको रूपमा हेर्ने गरेका छन् । सोही अनुरूप स्थानीय तहमा जनप्रतिनिधिले जनतामा विकास र सेवा सम्पादन गर्दै आएका छन् । स्थानीय तहमा विविध राजनीतिक र प्रशासनिक कारणले बेरुजु बढ्दै गएको, सुशासन कमजोर हुँदै गएको, भ्रष्टाचार मौलाउँदै गरेको, सेवा प्रवाहको स्तर खस्कँदै गरेको, विकास बजेट फ्रिज हुने सिलसिला बढ्दै गएको र जनगुनासो बढ्दै गएको छ । स्थानीय तहमा यस्तो स्थिति सिर्जना हुनुमा तीन तहकै सरकार उत्तिकै जिम्मेवार रहेका छन् । राजनीतिक, सामाजिक, प्रशासनिक, आर्थिक र नैतिक तवरले जटिल प्रकृतिको रूपमा स्थापना भएको स्थानीय तहको प्रमुख ओहदाको कर्मचारी नै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत हो । महानगरपालिका र उपमहानगरपालिकामा नेपाल सरकारको प्रशासन सेवाको सहसचिव स्तरको कर्मचारी, नगरपालिकामा उपसचिव र गाउँपालिकामा शाखा अधिकृत स्तरको कर्मचारी प्रमुख प्रशासकीय अधिकृत पदमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कामकाजमा खटाउँदै आएको छ । अधिकांश स्थानीय तहमा राजनीतिक स्वार्थ परिपूर्तिका लागि पशु, शिक्षा, स्वास्थ्य र प्राविधिक स्तरका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृत हाजिर नभएसम्म निमित्त प्रमुख प्रशासकीय अधिकृतको पदमा मन्त्रालयले पनि खटाउने गरेको छ । यसरी खटिएका निमित्त प्रमुख प्रशासकीय अधिकृतले आफूलाई सम्पूर्ण प्रशासनिक र आर्थिक कारोबार गर्ने अधिकार मन्त्रालयबाट प्राप्त भएको हुँदा आफू पनि निमित्त नभएको ठान्दै आएको अवस्था छ र आफ्नो पद कायम राख्न जुनसुकै क्रियाकलाप गर्न तत्पर रहने गरेको छ । जनप्रतिनिधि माझ निमित्त शब्द अति नै प्रिय, विश्वासिलो र भरपर्दो सावित हुँदै गएको छ । यस कारणले पनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दरबन्दीअनुसार कर्मचारी स्थानीय तहमा नखटाई निमित्त प्रमुख प्रशासकीय अधिकृत खटाउँदै आएको होला । अर्कोतिर स्थानीय तहमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको नियत र नियतिमा फस्ने डर र त्रासले गर्दा पनि सहसचिव र उपसचिव स्तरको कर्मचारी स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत जान नखोजेको पाइएको छ भने निमित्त हुनलाई अन्य सेवाको कर्मचारीको चाङ नै मन्त्रालयमा लाग्ने गरेको छ ।

नेपालमा प्रमुख प्रशासकीय अधिकृत कुनै सीडीयो वा राजदूतको पद भन्दा कम छैन । राष्ट्र निर्माणमा सबैथोक प्रमुख प्रशासकीय अधिकृत नै हो भन्ने बुझाई रहेकोले बेला बेलामा सरकारले यसलाई अंकुश लगाउन कडा भन्दा कडा आचारसंहितासमेत जारी गर्ने गरेको छ । फेसबुक, ट्वीटर जस्तो सामाजिक सञ्जालमा प्रतिक्रिया दिन नपाउने, होटल रेष्टुराँमा बस्न खान नपाउने, सेवाग्राहीसँग बसेर चियासमेत पिउन नपाउने, उपहार इत्यादि कसैबाट लिन नपाउने, देश विदेश घुम्न नपाउनेलगायत अन्य धेरै क्रियाकलापहरू गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अंकुश लगाउने गरी आचारसंहिता लागू गरिए पनि संघीय सरकारले स्थानीय तहमा दरबन्दी विपरीत खटाउँदै गर्दा यस्ता क्रियाकलापहरुमा नियन्त्रण हुन सकेको छैन । स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सरकारको म्यान्डेट बमोजिम नगरको समग्र विकास निर्माण कार्य, सुशासन र सेवा प्रवाहमा गुणस्तरीय सुधार गरी दिनुपर्ने, कार्य सम्पादनमा पारदर्शिता, सहकारिता र समन्वयमा गर्नुपर्ने, नगरपालिकाको नीति कार्यक्रम तथा बजेटको समयमै प्रभावकारी र पारदर्शी तरिकाले कार्यान्वयन गर्ने, कार्यालयमा उचित कार्य वातावरण बनाउनु पर्ने, अनुशासन र आचरणको परिपालना गरिदिनु पर्ने, ऐन, कानून, विधि, कार्यविधि, प्रक्रियालाई टेकेर विधि नियम संगत विकास निर्माणका कार्य गर्नुपर्ने, पालिकामा गुनासो सुनुवाइ, उजुरी व्यवस्थापन र विवाद तथा द्वन्द्व निवारण गरिदिनु पर्ने, जनप्रतिनिधि र कर्मचारी बीचको तालमेल र समन्वयमा प्रभावकारी सुधार गरी योजना तथा विकास निर्माणका कार्य कार्यान्वयन गर्नुपर्ने, काम गर्ने सहज वातावरण निर्माण गर्न, स्वच्छ, निष्पक्ष र इमान्दारीका साथ पालिकाको समग्र विकासको लागि काम गर्ने, सबै सहकर्मी कर्मचारी साथीहरुसँग समान व्यवहार गर्नुपर्ने, कार्यपालिकाले गरेका नीतिगत निर्णयहरुलाई समयमै कार्यान्वयन गर्नुपर्ने, जनतामा प्रभावकारी सेवा वितरण गर्नुपर्ने, अन्य निकायसँग समन्वय गर्नुपर्नेलगायत जनसमुदायबाट उठेका सबै किसिमका आवाजहरू सम्बोधन गरिदिनु पर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हो ।

प्रमुख प्रशासकीय अधिकृतले कार्य सम्पादन गर्ने क्रममा सार्वजनिक खरिद ऐन तथा नियमावलीको दफावार परिपालना गर्नुपर्ने, जनप्रतिनिधि र कर्मचारीहरुको समन्वय, सहकार्य र सहभागितामा मात्र नगरको विकास निर्माण लगायतका कार्य गर्नु बाध्यात्मक परिस्थितिमा पनि जनप्रतिनिधिको राजनीतिक स्वार्थ एवम् व्यक्तिगत स्वार्थ परिपूर्तिका लागि उचित वातावरण निर्माण गरिदिनु पर्ने र जनप्रतिनिधिले चाहे खोजेका सम्पूर्ण कार्यलाई प्रमुख प्रशासकीय अधिकृतले अनिवार्य रूपमा वैधानिकता दिनु पर्ने अवस्थामा जनप्रतिनिधिको चाहनामा कार्य भएन भने हाकिमले काम गरेन, कार्यालय समयमा आउँदैन, कर्मचारीहरुलाई व्यवस्थापन नियन्त्रण गर्न सकेन, सरकारी गाडी र इन्धनको दुरूपयोग गर्दैछ, प्रत्येक दिन होटल रेष्टुराँमा अनावश्यक खर्च गरेको, समन्वय गरेन, विकास निर्माणमा बाधा पुर्याएको, जनतामा सेवा प्रवाह गरेन, जनताको काममा अवरोध पुर्याएको लगायतका विभिन्न आलोचनाहरु हुँदै आएका छन् । यस्तो अवस्थामा प्रमुख प्रशासकीय अधिकृतको पछाडि केही पत्रकार, युट्युबर र आसेपासेलाई परिचालन गर्दै आएको पाइएको छ । परिचालित पत्रकार र युट्युबरले सूचनाको हकको नाममा पाँच आर्थिक वर्षमा पालिकाले गरेको सम्पूर्ण कार्यहरूको अभिलेख सहितको सूचनाको माग सूचनाको हक सम्बन्धी ऐन बमोजिम १५ दिन भित्र उपलब्ध गराउनु पर्ने माग गर्ने गर्छन् । प्रमुख प्रशासकीय अधिकृतलाई डराउने तर्साउने कार्य पनि गर्छन् । सरुवा गराउन मन्त्रालयमा डेलिगेसनसमेत गएका हुन्छन् । यसबाट पनि सम्भव भएन भने नजिकको अख्तियार दुरूपयोग अनुसन्धान आयोग र जिल्ला प्रशासन कार्यालय उजुरी गर्न लगाउँछन् । प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्ने कार्य भन्दा पनि अख्तियारको पत्रको जवाफ दिनुमै मुख्य समय बित्दै गएको हुन्छ । स्थानीय तहको प्रत्येक काममा उजुरी दिएका हुन्छन् र उजुरीको पत्रको जवाफ बाध्यात्मक रूपमा ७ दिनदेखि १५ भित्र दिनुपर्ने हुन्छ । यदि प्रमुख प्रशासकीय अधिकृतले समयमै प्रतिक्रिया दिएनन् भने ताकेतामाथि ताकेता गर्ने गरिएको हुन्छ । सहसचिव, उपसचिव, अधिकृत जस्ता गरिमामय पदमा रहेको प्रमुख प्रशासकीय अधिकृतलाई माथिल्लो निकायका तल्लो दर्जामा रहेका पात्रहरुले पनि डराउने तर्साउने गर्ने गरेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत पालिकामा बस्न मान्दैनन् । उनीहरुले सरुवाको लागि मन्त्रालयमा तारिकमाथि तारिक दिने गर्छन् । सरुवाको लागि मन्त्रालयमा राजनीतिक, प्रशासनिक र आर्थिक पहुँच कायम गर्न पर्छ । नत्र सरुवा हुँदैन । कहिलेकाहिँ यसो 'सरप्राइज' सरुवा भइदिए हुन्थ्यो तर त्यो पनि यस लोकतान्त्रिक व्यवस्थामा सम्भव देखिँदैन ।

अर्कोतिर जनप्रतिनिधिको अनुकूलको प्रमुख प्रशासकीय अधिकृत वा निमित्त प्रमुख प्रशासकीय अधिकृत भयो भने पालिका स्तरमा कुनै किसिमको विवाद नहुने, सबै विकास निर्माणका कार्यहरू हुने, सामाजिक सञ्जालमा पनि कुनै गुनासो नहुने, पत्रकार र युट्युबर पनि मख्ख परेर बस्ने, अख्तियारको उजुरी पनि कम आउने र विकास निर्माणले गति लिने गरेको छ । यस्तो पालिकामा भने बाहिरबाट जति सुकै गतिलो पालिका देखिए पनि आन्तरिक रूपमा भ्रष्टाचार मौलाएको हुन्छ र नियामक निकायको नियतिको फन्दामा फसेको सूचना सामाजिक सञ्जालमा आउँछ । प्रमुख प्रशासकीय अधिकृत जति सुकै 'चार्मिङ' पद भए पनि कर्मचारीको रोजाइमा परेको हुँदैन । तैपनि मन्त्रालयको दबाबको कारण स्थानीय तहमा खटिनु पर्ने अवस्था छ । राजनीतिक दबाबमा स्थानीय तहमा काम गर्नुपर्छ र जिम्मेवारी बहन गर्नुपर्ने बाध्यता छ । प्रमुख प्रशासकीय अधिकृत कत्तिको सक्षम छ, कति राम्रो काम गर्यो, कति लोकतान्त्रिक र नैतिकवान छ कसैले खोजेको हुँदैन सबैले आफ्नो निहित स्वार्थ कतिबेला पूरा गरिदिन्छ त्यसको पर्खाइमा बसेको हुन्छ । संघीय सरकारले सहसचिव उपसचिव र अधिकृतको गरिमाको संरक्षण गर्दै स्थानीय निकायमा स्थानीय वा प्रदेशकै कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिनका लागि आवश्यक पहल गर्नु आजको आवश्यकता हो । संघीय सरकारले सहसचिव उपसचिव र अधिकृतको गरिमाको संरक्षण गर्दै स्थानीय निकायमा स्थानीय वा प्रदेशकै कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी मन्त्रालयले तोक्नुपर्छ वा स्थानीय तहको संरचनालाई 'रिडिजाइन' गरी यसलाई प्रहरी प्रशासनको सुरक्षाको प्रत्याभूतिसमेत हुने गरी परिचालन गर्नुपर्छ । ***-हाम्राकुरा डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दिनको उत्तरार्द्ध सुखद् रहनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **तुला** : नयाँ कामको थालनी हुनेछ । अचल सम्पत्ति हात पर्ला । |
| **वृष** : नजिकको व्यक्तिबाट धोका हुनेछ । मन खिन्न हुने स्थिति आउनसक्छ । | **वृश्चिक** : मित्रताको बन्धन कसिने बेलाछ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । | **धनु** : सही निर्णय लिन सकिनेछ । दाम्पत्य सुखले प्रफुल्लित भइनेछ । |
| **कर्कट** : महिलाबाट विशेष सहयोग मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **मकर** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अवसर गुम्न सक्नेछ । |
| **सिंह** : आम्दानी प्रशस्तै बढ्नेछ । अनुहार मा कान्ति र मनमा शान्ति छाउनेछ । | **कुम्भ** : ज्ञान सिक्ने मौका मिल्नेछ । मित्रबाट विशेष सहयोग पाईनेछ । |
| **कन्या** : सामान्य नै रहनेछ । अभिभावकको साथमा काम गर्दा राम्रो हुँनेछ । | **मीन** : प्रतिस्पर्धामा उर्तीण हुन सकिनेछ । कार्यमा सहजता पनि मिल्नेछ । |



# भर्नाअघि नै पुस्तक दिन पाठ्यपुस्तक छपाइ धमाधम



चालु शैक्षिक सत्रमा समयमै पाठ्यपुस्तक पाउन सफल विद्यार्थीहरूले आगामी शैक्षिक सत्रमा पनि भर्नाअघि नै पुस्तक पाउने भएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको सचिवालयले पुस्तक छपाइको जिम्मा पाएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको अनुगमन गर्दै भर्नाअघि नै छपाई सक्नेगरी काम भइरहेको जनाएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भर्नाअघि नै विद्यालयमा पाठ्यपुस्तक पुर्याउन निर्देशन दिएपछि गत वर्ष युद्धस्तरमा छपाई कार्य सम्पन्न भएर इतिहासमा नै पहिलोपटक सबै विद्यार्थीले भर्नासँगै पुस्तक पाएका थिए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गएको अनुगमन टोलीसँग लिमिटेडका प्रबन्ध निर्देशक अनिलकुमार झाले समयमै पाठ्यपुस्तक पुऱ्याउन आफूहरू प्रतिबद्ध रहेको बताए । "छपाइका लागि आवश्यक कागज खरीद भइसकेको र छाप्ने काम पनि दुई सिफ्टमा सातै दिन, २४ घण्टा चलिरहेको छ" झाले भने, "पुस्तक छपाइसँगै बिभिन्न डिपोमा ढुवानी कार्यसमेत सँगै चलिरहेको छ ।" शिक्षा मन्त्रालयले यसवर्षको पुस्तक छपाइका लागि कक्षा १ देखि ४ सम्म निजी क्षेत्रका छापाखाना र कक्षा ५ देखि १२ सम्म जनक शिक्षाले छपाई गर्ने निर्णय गरेसँगै प्रकाशनमा तीब्रता आएको हो । निजी क्षेत्रका छापाखानाहरूलाई समेत छनौट गर्न पाठ्यक्रम विकास केन्द्रले टेण्डर आह्वान गरिसकेको छ ।

जनक शिक्षा लिमिटेडका अनुसार कक्षा ५ देखि १२ सम्म करिब १ करोड ७० लाख पुस्तक आवश्यक भएकोमा अब करिब ६५ लाख थान पुस्तक मात्र छाप्न बाँकी रहेका छन् । केन्द्रले दैनिक ७० हजार देखि ८० हजार प्रतिथानका दरले पुस्तक छपाई र तयारी भइरहेको जनाएको छ । प्रधानमन्त्रीका जनसम्पर्क विज्ञ बुद्धि जिसी, स्वकीय सहसचिव गोकर्ण भट्ट, सहसचिव संगीता ओझालगायतको टोलीले भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको आकस्मिक अनुगमन गरेको थियो । गतवर्ष पुसपछि मात्र कागज आएको भएपनि आवश्यक पाठ्यपुस्तक समयमै छाप्न सफल भएको बताउँदै झाले यो वर्ष पर्याप्त कागज भएकाले सहज भएको बताए । अनुगमन टोलीका सदस्य गोकर्ण भट्टले जनक शिक्षक सामग्री केन्द्र लिमिटेडको छपाइको गुणस्तर सुधार गर्नुपर्ने सुझाव दिइएको र अन्य नीतिगत विषयहरू समेत हल गर्न शिक्षा मन्त्रालयसँग थप छलफल आवश्यक देखिएको जानकारी दिए । उनले भने, "केन्द्रको कार्य सन्तोषजनक भए पनि छपाइको गुणस्तरमा सुधार गर्नुपर्ने देखिएको छ ।" छापिएका पाठ्यपुस्तक सुरक्षित राख्न, कागज खेर नजानेगरी काम गर्न र छपाइमा गुणस्तर कायम गर्न केन्द्रलाई निर्देशन दिएको प्रधानमन्त्रीका जनसम्पर्क विज्ञ जिसीले बताए । अनुगमन टोलीले छपाइ भइसकेका पाठ्यपुस्तकहरू गुणस्तर यकीन गरी समयमै सबै जिल्लामा पठाउनका लागि आवश्यक व्यवस्था मिलाउन पनि केन्द्रलाई निर्देशन दिएको छ । *-रासस*

# बढे कृषि विश्वविद्यालयमा भर्ना हुने विद्यार्थी



कृषि तथा वन विज्ञान विश्वविद्यालय (एएफयु)मा कृषि स्नातक पढ्ने विद्यार्थीको भर्ना संख्या बढेको छ । गत शैक्षिक सत्रमा विद्यार्थी नै भर्ना नभएको एक आङ्गिक क्याम्पसमा यस वर्ष विद्यार्थी भर्ना भएका छन् । अध्ययनका लागि प्रवेश परीक्षा दिने विद्यार्थीको संख्या पहिलेको तुलनामा घट्दै गए पनि भर्ना हुने विद्यार्थीको संख्या भने बढेको हो । विश्वविद्यालयको आङ्गिक र सम्बन्धन पाएका क्याम्पसको सिट क्षमताभन्दा धेरै विद्यार्थीले प्रवेश परीक्षा दिने गर्दछन् । तीमध्ये उत्तीर्ण सबैले पढ्न पाउँदैनन् । कृषि संकायका डिन प्राडा अर्जुनकुमार श्रेष्ठका अनुसार चालु शैक्षिक सत्रमा केन्द्रीय क्याम्पस र आङ्गिक गरी नौवटा क्याम्पसमा पाँच सय ६० जना विद्यार्थी भर्ना भएका छन् ।

गत शैक्षिक सत्रमा यो संख्या चार सय २६ जना मात्रै थियो । विश्वविद्यालयको दैलेखको दुल्लुस्थित प्राकृतिक स्रोत व्यवस्थापन कलेजमा गत वर्ष विद्यार्थी शून्य भएका थिए । यस वर्ष ३० जना विद्यार्थी भर्ना भएका छन् । विश्वविद्यालयको केन्द्रीय क्याम्पस रामपुर, कास्कीको पुरनचौर र सिन्धुलीको मरिनबाहेक आङ्गिक क्याम्पसमा आधाभन्दा पनि कम विद्यार्थी भर्ना भएका थिए । यस वर्ष भने दुल्लुबाहेक सबै आङ्गिक क्याम्पसमा कोटाअनुसार विद्यार्थी भर्ना भएको उनले जानकारी दिए । केन्द्रीय क्याम्पस रामपुरमा एक सय ६२ जनाको कोटा निर्धारण गरिएको छ । सिन्धुलीको मरिन, महोत्तरीको बर्दिबास, धनकुटाको पाख्रीबास, कास्कीको पुरनचौर, कैलालीको टीकापुर र दैलेखको दुल्लुमा रहेका आङ्गिक क्याम्पसमा ५४-५४ जनाको कोटा छ । रोल्पाको मणिचौर र बाँकेको खजुरामा ४९-४९ कोटा छ ।

त्यसैगरी, सम्बन्धन प्राप्त निजी क्याम्पस पूर्वाञ्चल कृषि क्याम्पस, नीतिका कृषि सहकारी संस्था इटहरी, हिमछायाँ कलेज गैंडाकोट, रामनगर टेक्निकल कलेज नवलपरासी, भ्याली कृषि क्याम्पस ललितपुर, गोरखा पोलिटेक्निक एन्ड रिसर्च सेन्टर कोहलपुर बाँके र ब्राइट मध्यपश्चिम कृषि कलेज सुर्खेतमा ५०-५० जनाको कोटा रहेको छ । गत शैक्षिक सत्रमा ती क्याम्पसमा विद्यार्थी भर्ना नभए पनि यस वर्ष केही क्याम्पसमा विद्यार्थी भर्ना भएको श्रेष्ठले जानकारी दिए । विश्वविद्यालयको कृषि संकायमा विगतमा चार हजार पाँच सयसम्म विद्यार्थीले कृषि स्नातकका लागि आवेदन दिने गरेका थिए । पछिल्ला वर्षमा क्रमशः घट्दै गएर यस वर्ष एक हजार तीन सय ६५ जनाले मात्रै आवेदन दिएका थिए । तीमध्ये एक हजार ५५ जना प्रवेश परीक्षामा उत्तीर्ण भएका थिए । तीनै विद्यार्थी क्याम्पसमा भर्ना भएका हुन् । गत शैक्षिक सत्रमा एक हजार पाँच सय २३ जनाले आवेदन दिएकामा सात सय ५३ जनामात्र उत्तीर्ण भएका थिए । त्यसको अघिल्लो वर्ष उत्तीर्ण हुनेको संख्या आठ सय थियो । एक हजार सात सयजनाले आवेदन दिएका थिए । यसको तुलनामा चालु शैक्षिक सत्रमा विद्यार्थी धेरै उत्तीर्ण भएका हुन् । सात विश्वविद्यालयका ३५ वटा क्याम्पसले कृषि स्नातक पढाउँदै आएका छन् । तीमध्ये १६ वटा क्याम्पस कृषि विश्वविद्यालयका हुन् भने अन्य क्याम्पस अरू विश्वविद्यालयका छन् । विश्वविद्यालयका उपकुलपति प्राडा पुण्यप्रसाद रेग्मीले विद्यार्थी बढ्ने गरी नीतिगतरुपमा विश्वविद्यालयले सुधारका काम गरेकाले कृषि पढ्ने विद्यार्थीको संख्या बढेको बताए । समयमा प्रवेश परीक्षा हुनु, विश्वविद्यालयको सकारात्मक प्रचार हुनु पनि विद्यार्थी बढ्नाका कारण रहेको उनी बताउँछन् । पाठ्यक्रम पुरानो भएकाले संशोधन गरेर यसै शैक्षिक सत्रबाट नयाँ पाठ्यक्रमअनुसार पढाइ सुरु गरिएसँगै विद्यार्थीको आकर्षण बढ्न थालेको उनी बताउछन् । शैक्षिक क्यालेन्डरअनुसार सबै संकायको पढाइ र परीक्षा एउटै समयमा हुन थालेको उनले बताए । विश्वविद्यालयमा हुने गरेका हडतालमा समेत कमी आएपछि विद्यार्थी भर्ना हुने दर बढेको जनाइएको छ । *-रासस*

# राजनीतिक दलका लठैत शिक्षक

**टेकेन्द्रकुमार महतरा**

***प्राचीन तक्षशिलाका गुरु चाणक्यले एउटा सामान्य परिवारको बालक चन्द्रगुप्तलाई आफ्नो शिक्षा-दीक्षाको माध्यमबाट महान् सम्राट बनाएको इतिहास पनि हाम्रो सामु छ । यी सबै तथ्यलाई आधार मानेर विश्लेषण गर्ने हो भने आधुनिक विश्व समाजको निर्माणमा प्राचीन समाजका गुरुहरूले विविध क्षेत्रमा दिएको योगदानलाई महत्त्वपूर्ण आधार मान्न सकिन्छ । कुरो गरौं अहिलेको हाम्रो समाज, शिक्षा व्यवस्था, अहिलेको राजनीतिक व्यवस्था अनि अहिलेको शिक्षक र शिक्षकको भूमिकाको ।***

हरेक पेसाको आफ्नो पेसागत कर्तव्य, जिमेवारी, आचरण, व्यवहार र पेसागत धर्म हुन्छ । जब कुनै पनि पेसामा आबद्ध पेसाकर्मीले यी सबै नियम र आचरण पेसागत परिधिभित्र रहेर काम गर्छन्, अनि मात्र त्यो पेसाको सामाजिक मर्यादा कायम हुन्छ, होइन भने त्यस्तो पेसा निकम्मा र पेसाकर्मी लठैत हुन जान्छन् । गुरु वशिष्ठका चेला राम मर्यादा पुरुष बने, सान्दिपिनीजस्ता गुरुले कृष्णजस्ता बौद्धिक व्यक्ति तयार पारे, अनि दोर्णाचार्य जस्ता गुरुबाट अर्जुन जस्ता धनुर्धर योद्धा जन्मिए । यस कारण प्राचीन इतिहासका ती महान् गुरुहरूले गुरुको आफ्नो पहिचान बनाए अनि त्यस्ता महान् गुरुका शिष्यहरूले आफ्नो इतिहास रचे, जसलाई हामी आज पनि सर्वश्रेष्ठ गुरु र श्रेष्ठ शिष्यका रूपमा मान्दै आएका छौं ।

प्राचीन पश्चिमी समाजको कुरा गर्ने हो भने पाण्डित्यवादी युगको चर्चा नै पर्याप्त छ, पाण्डित्यवाद आफैंमा राम्रो या नराम्रोभन्दा पनि त्यस युगमा चर्चका पादरी वा गुरुहरूले नै देशको शासन व्यवस्था सञ्चालन गर्दथे, समाज तथा राज्यका हरेक व्यवस्थामा उनीहरूको महत्त्वपूर्ण भूमिका रहन्थ्यो । त्यति बेलाकै पूर्वीय समाजको कुरा गर्ने हो भने, गुरुकुलका शिक्षक सामाजिक, आर्थिक तथा राजनीतिक व्यवस्थाको निर्णायक व्यक्तिका रूपमा रहन्थे । प्राचीन तक्षशिलाका गुरु चाणक्यले एउटा सामान्य परिवारको बालक चन्द्रगुप्तलाई आफ्नो शिक्षा-दीक्षाको माध्यमबाट महान् सम्राट बनाएको इतिहास पनि हाम्रो सामु छ । यी सबै तथ्यलाई आधार मानेर विश्लेषण गर्ने हो भने आधुनिक विश्व समाजको निर्माणमा प्राचीन समाजका गुरुहरूले विविध क्षेत्रमा दिएको योगदानलाई महत्त्वपूर्ण आधार मान्न सकिन्छ । कुरो गरौं अहिलेको हाम्रो समाज, शिक्षा व्यवस्था, अहिलेको राजनीतिक व्यवस्था अनि अहिलेको शिक्षक र शिक्षकको भूमिकाको । संसारका अधिकांश विकसित देशहरूमा शिक्षकको भूमिका ज्यादै महत्त्वपूर्ण मानिन्छ भने त्यहाँ शिक्षकको स्थान अन्य पेसाकर्मीको भन्दा उपल्लो स्थानमा रहन्छ । त्यहाँका राजनीतिककर्मीले समेत शिक्षकहरूबाट सल्लाह-सुझाव लिएर काम गर्ने प्रचलन स्थापित रहेको छ । शिक्षकले आफ्नो सम्पूर्ण समय अध्ययन-अध्यापन र अनुसन्धानमा बिताउँछन् । उनीहरूको कार्य दक्षताको आधारमा पुरस्कार-दण्ड र बढुवाको व्यवस्था गरिएको हुन्छ । शिक्षकहरू विद्यार्थीको सिकाइमा केन्द्रित हुन्छन् । उनीहरुले आफ्नो हक-अधिकारका लागि कहिल्यै आन्दोलन गर्नुपर्दैन, सरुवा-बढुवा र पदोन्नतिका लागि कहिल्यै पनि नेताको चाकडी गर्नुपर्दैन । यी सब कारणले गर्दा त्यस्ता देशहरूको शिक्षा प्रणाली ज्यादै सुदृढ छ र शिक्षण पेसा व्यवस्थित, मर्यादित र अनुकरणीय छ ।

हाम्रो देशमा धेरैपटक व्यवस्था परिवर्तन भयो, संरचना परिवर्तन भयो, नियम-कानुन परिवर्तन भए । यी सब परिवर्तनले न शिक्षण पेसामा परिवर्तन आयो न त शिक्षकमै । परम्परावादी शिक्षण पेसा कायमै देखियो भने शिक्षकमा लठैतपनको दिन प्रतिदिन हाबी हुँदै गयो । परम्परागत शिक्षण विधिको लठैत शिक्षक, राजनीतिक दलप्रतिको लठैत शिक्षक, नेताको गुलामी गर्ने लठैत शिक्षक, परम्परागत ज्ञान मात्र हस्तान्तरण गर्न चाहने लठैत शिक्षक–शिक्षकको यस्तो लठैतपनले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको शिक्षा दिन प्रतिदिन ध्वस्त हुने अवस्थामा पुगेको छ । हरेक वर्ष लाखौँको संख्यामा विद्यार्थी विदेश पलायन हुने अवस्था बढ्दो छ । स्वदेशमै पढेका अधिकांश विद्यार्थीसँग पनि न राम्रो ज्ञान छ, न राम्रो सीप । काम गर्ने सोच र नैतिकता तथा अनुशासन भन्ने कुरा त झन् दिनदिनै स्खलित हुँदै गइरहेको छ । यसमा केही हदरसम्म जिम्मेवार शिक्षक पनि हुन् । शिक्षकले पढाएको विद्यार्थी फेल हुन्छ, तर शिक्षकले आरोप विद्यार्थीलाई लगाउँछ । विद्यार्थीलाई अनुशासित बनाउन सकेन भने उसले दोष अभिभावकलाई लगाउँछ । विद्यार्थीले राम्रो गऱ्यो भने शिक्षकले मैले गर्दा भएको हो भन्छ, विद्यार्थी पढेर पनि केही गर्न सकेन भने पाठ्यक्रम नै गतिलो थिएन भन्छ । आफूले पढाएको विद्यार्थी बेरोजगार भयो भने राज्यले रोजगार दिन सकेन भन्छ । राम्रो कार्यको मात्र आफूले जस लिन चाहने र नराम्रो कार्यको अरुलाई दोष दिने लठैत शिक्षक । नेपालको प्रचलित कानुनी व्यवस्था अनुसार शिक्षक कुनै पनि राजनीतिक दलको सदस्य बन्न पाउँदैन तर त्यो कानुनी व्यवस्था कानुनी किताबको ठेलीमा मात्र सीमित रहेको अवस्था छ । अधिकांश शिक्षकहरू कुनै न कुनै ठुला राजनीतिक दलहरूको सदस्य मात्र होइन झोला नै बोकेर हिँडेको पनि प्रशस्त देखिएको छ । दलका राजनीतिमा सक्रिय रहेका शिक्षकलाई गुरुको उपमा दिनभन्दा राजनीतिक दलका लठैत शिक्षक भन्दा फरक नपर्ला । राजनीतिक दलका लठैत शिक्षकले कस्तो शिक्षा प्रदान गर्लान्, त्यो विश्लेषण गर्ने जिम्मेवारी अभिभावक र विद्यार्थीको हो ।

शिक्षक आफ्नो शैक्षिक तथा पेसागत क्षमताको विकास गर्नभन्दा पनि नेताको चाकडी गर्न व्यस्त भयो । सरुवा-बढुवा तथा प्रधानाध्यापक बन्नका लागि रातारात पार्टीको सदस्य लिन र फेरबदल गर्न ऊ क्रियाशील भयो । उसले आफ्नो सम्मानित पेसालाई चिनेन, आफ्नो पेसालाई सम्मानित बनाउन सकेन, आफ्नो पेसा बिर्सियो, आफ्नो कर्तव्य र जिम्मेवारीलाई लत्यायो, सधैं आफ्नो स्वार्थ मात्र हेर्न थाल्यो, आफ्नो मात्र अधिकार खोज्यो तर अरुको अधिकारलाई ध्यान दिएन । यी सबै कारणले गर्दा उसले शिक्षण पेसालाई नै दूषित बनायो र आफूले आफैंलाई लठैत शिक्षकका रूपमा देख्न थाल्यो । जसको परिणामस्वरूप सार्वजनिक रूपमा शिक्षण पेसालाई आलोचित बनायो । शिक्षा समान हुनुपर्छ, शिक्षामा कुनै पनि विभेदको अन्त हुनुपर्दछ भनेर ढोल ठोक्ने शिक्षकले आफूले पढाउने विद्यालयमा आफ्नो बच्चालाई पढाउन चाहेन, आफ्नो बच्चालाई गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्छ भनेर आफ्नो बच्चाको शिक्षकसँग पाखुरा सुर्कायो तर आफूले पढाउने विद्यार्थीका अभिभावकले त्यही कुरा भन्दा धेरै जान्ने नहुनु भनेर आँखा फर्कायो । आफ्नो पेसालाई उसले विद्यालयको चार दिवारभन्दा बाहिर लान सकेन, अध्ययन अनुसन्धानलाई कुरामा मात्र सीमित राख्यो । पुस्तकका ठेलीभन्दा बाहिरको संसार विद्यार्थीलाई चिनाउन सकेन, वर्षौं पुरानो नोटको भरमा जागिर खायो, तालिम लिन जान कहीँ छाडेन तर तालिममा सिकेको कुरालाई कहिल्यै पनि प्रयोगमा ल्याउन सकेन । परम्परागत शिक्षण विधिलाई आफ्नो पेवाको रूपमा सम्झेर त्योभन्दा बाहिर गएर शिक्षण गर्ने उसले मन गरेन । शिक्षक, शिक्षण भनेको पढाउने हो भन्ने धारणाबाट सिकाउने हो भन्ने धारणामा रूपान्तरण हुन सकेन ऊ । उसको न आफ्नो शैलीमा परिवर्तन भयो न त आफ्नो सीपमा नै । शिक्षणलाई जागिरको रूपमा हेरियो तर जिम्मेवारीका रूपमा हेर्न सकिएन । शिक्षण पेसामा जुन जिम्मेवारी छ त्यो अन्य पेसाको भन्दा कैयौं गुणा धेरै छ, त्यो जिम्मेवारी पूरा गर्न शिक्षकमा क्रान्तिकारी परिवर्तनको जरुरत छ । त्यसका लागि शिक्षक लठैत शिक्षकबाट प्राज्ञिक शिक्षकमा रूपान्तरण हुनुपर्छ । शिक्षकको दाबी छ– समाजका हरेक जनशक्ति हामीले निर्माण गऱ्यौं, समाजका हरेक व्यक्तिलाई हामीले दीक्षित गऱ्यौं । यो दाबी धेरै हदसम्म सत्य हो । स्कुल-कलेजमा पढ्ने जो-कोहीलाई कसरी सिकाउने वा बुझाउने भन्नेमा धेरै हदसम्म शिक्षकको भूमिका थियो । पाठ्यक्रम कस्तो हुने, शिक्षा नीति कस्तो हुने भन्ने अगल पाटो भयो ।

शिक्षकले राम्रोसँग सिकाउन नसक्दा धेरै विद्यार्थीको भविष्य अन्धकारतिर गएको छ भन्नेमा पनि हाम्रो ध्यान जानुपर्छ । अर्कोतिर, आज सरकारको तलब-भत्ता खाएर भ्रष्टाचार गर्ने वा जनहितमा काम नगर्नेहरुलाई हिजो कुनै शिक्षकले सिकाएका वा पढाएका थिए । आज खराब काम गर्ने वा खराब आचरणले निर्देशित कुनै व्यक्ति हिजो कुनै शिक्षकको विद्यार्थी हुन सक्छ । त्यसैले स्कुल आएर कसैले राम्रो शिक्षा वा आचरण पाएन भने त्यसमा शिक्षक कति जिम्मेवार हुने भन्ने पनि प्रश्न छ । विद्यार्थीलाई पढाउने र सिकाउने काम मात्र शिक्षकको होइन, शिक्षकको जिम्मेवारी त विद्यार्थीलाई ज्ञानी, सीपयुक्त, चरित्रवान्, विवेकशील, परिश्रमी, लगनशील, धैर्यवान, आदर्शवान, देशप्रेमी बनाउने पनि हो । यसो सम्भव छ, तर यसका लागि शिक्षकमा निहित लठैतपनलाई हटाउनुपर्छ । शिक्षक आफ्नो पेसाप्रति पूर्ण जिम्मेवार बन्नुपर्छ । आफ्नो पेसालाई उच्च सम्मान गर्नुपर्छ । अध्ययन अनुसन्धानमा केन्द्रित हुनुपर्छ । कुनै पनि राजनीतिक दलको झोले कार्यकर्ता बन्न छाडेर पार्टी र नेतालाई उपयुक्त सल्लाह सुझाव दिने व्यक्ति बन्नुपर्छ । विद्यार्थीलाई बनाउने सन्दर्भमा पूर्ण जिम्मेवार बन्नुपर्छ । अध्ययनशीलता र विवेकशीलता शिक्षकको पहिचान हो भन्ने बुझेर सधैं त्यसमा लागिरहनुपर्छ । यी सब कार्य हरेक शिक्षकले गरेमा शिक्षण पेसाको मर्यादामा आमूल परिवर्तन आउँछ । अनि आम मानिसको बुझाइमा शिक्षण पेसा सम्माननीय बन्छ । हरेकको रोजाइमा शिक्षण पेसा बन्न जान्छ र सक्षम व्यक्ति शिक्षण पेसामा आबद्ध हुन्छन् । योसँगै राज्यले शिक्षकको हकहितलाई पनि ध्यान दिनुपर्छ ।

*-रातोपाटी डटकम*

# आज नर्सिङ दिवस, विभिन्न कार्यक्रम गरी मनाईंदै




**पाल्पा,** माघ १४/आज देशभर नेपाल नर्सिङ दिवस विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाइँदै छ । नर्सहरुको पेशागत हकहित र सुरक्षाका लागि भन्दै वि.सं २०१८ माघ १५ गते आजकै दिन नेपाल नर्सिङ संघको स्थापना भएको थियो । नर्सिङ संघको स्थापनाको दिन पारेर हरेक वर्ष माघ १५ गते नेपाल नर्सिङ दिवस मनाउँदै आइएको छ ।

नेपाल नर्सिङ संघले पेशागत हक, अधिकार तथा सुरक्षाको ग्यारेन्टीका लागि विभिन्न कार्यक्रम गर्दैछ । शारीरिक तथा मानसिक रुपमा खटिएर बिरामीको सेवा गर्ने नर्स तथा नर्सिङ पेशालाई सम्मानित पेशाका रुपमा लिने गरिएको छ । तर नेपालमा नर्सिङ्ग पेशा व्यावसायिक बन्न सकिरहेको छैन । साथै नर्सहरु न्युन बेतन तलबमा काम गरिरहेका छन् । नेपालमा वर्षेनी हजारौंको संख्यामा नर्सहरु उत्पादन हुँदा यसको व्यवस्थापन हुन सकेको छैन । उत्पादन भएका नर्सहरुको व्यवस्थापन हुन नसक्दा नर्सहरु भोलेन्टियर (स्वयंसेवी)का रुपमा काम गर्न बाध्य छन् । जसले गर्दा उनीहरुको पेशागत सुरक्षा अझै प्रत्याभूत हुन सकेको छैन । अहिलेको विषम परिस्थितिमा आम नागरिकलाई स्वाथ्य सेवा प्रवाह गर्न अग्रपङ्क्तिमा खटिने नर्सिङ क्षेत्रको आवश्यकता र महत्व बढेर गएको छ । नेपालमा नर्सिङ क्षेत्रमा श्रम शोषण भएको भन्दै नर्सहरुले गुनासो गर्दै आएका छन् । विषेश गरी निजी अस्पतालले नर्सहरुलाई कम तलबमा काम लगाउने, समयमा पारिश्रमिक नदिने लगायत आरोप लाग्ने गरेको छ ।

# ७१ औँ विश्व कुष्ठरोग दिवस मनाइयो




**पाल्पा,** माघ १४/विश्व कुष्ठरोग दिवस आइतबार देशभर विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइएको छ । 'कुष्ठरोग सम्बन्धी गलत अवधारणाको अन्त्य गरी मर्यादित व्यवहार गरी', भन्ने मूल नारासहित ७१ औँ विश्व कुष्ठरोग दिवस मनाइएको हो ।

यसवर्षको नाराले कुष्ठ प्रभावित व्यक्तिको स्मरण गर्दै रोगबारे चेतना जगाउने, कुष्ठरोगसँग सम्बन्धित लाञ्छना एवं भेद्भावको अन्त्य गर्न र मर्यादित व्यवहार गर्न ध्यानाकर्षण गराउने रहेको छ । दिवसका अवसरमा स्वास्थ्य सेवा विभाग र देशभरका स्वास्थ्य संस्थाहरुले विभिन्न कार्यक्रम गरी दिवस मनाएका छन् । अझै पनि विश्वभर कुष्ठरोगबाट धेरै व्यक्ति प्रभावित छन् । कुष्ठ प्रभावित व्यक्तिले लाञ्छना, भेद्भाव र स्वास्थ्य सेवामा पहुँचको अभावको सामना गरिरहेका छन् । यसलाई रोकी कुष्ठरोग अन्त्य गर्न सरकार तथा सबै सरोकारवाला निकायको तत्काल पहल र प्रतिबद्धताको आवश्यकता रहेको बताइएको छ । विश्व कुष्ठरोग दिवस फ्रान्सका प्रसिद्ध मानवतावादी रावल फोलेरियोले कुष्ठरोगको समुचित उपचार गरी निवारण गर्ने, जनचेतनाको माध्यमबाट कुष्ठरोग नियन्त्रण र न्यूनीकरण गर्ने तथा कुष्ठरोग प्रभावितप्रतिको भेद्भावलाई हटाउने उद्देश्यले सन् १९५४ देखि थालनी गरिएको हो । कुष्ठरोग माइकोब्याक्टेरियम 'लेप्रे' नामको सुक्ष्म जीवाणुबाट लाग्ने एक प्रकारको ज्यादै कम सर्ने रोग हो । यो रोग मानिसबाट मानिसमा सर्छ । उपचार नगरेको कुष्ठरोग बिरामीसँग लामो समयसम्म सम्पर्कमा आउने व्यक्तिलाई मुख्यत श्वासप्रश्वासको माध्यमबाट यो रोग सर्न सक्छ । उपचार गरे पूर्णरुपमा यो रोग निको हुने स्वास्थ्यकर्मीहरु बताउँछन् । नेपालमा २०६६ साल माघ ५ गते राष्ट्रियस्तरमा कुष्ठरोग जनस्वास्थ्य समस्याको रुपमा निवारण भएको घोषणा गरेको थियो । उक्त समयमा राष्ट्रियस्तरमा कुष्ठरोगको प्रकोप दर शून्य दशमलव ७७ प्रतिशत थियो । कुष्ठरोग नियन्त्रण शाखाका अनुसार आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म शून्य दशमलव ८५ रहेको छ भने १४ जिल्लामा कुष्ठरोग प्रति १० हजार जनसंख्यामा एक भन्दा धेरै बिरामी छन् ।

# तीन वर्षमा पाँच...

...रुख मर्चवार सामुदायिक वनका हुन भने प्रदेश सरकारको योजनाले जटिलता थपेको मर्चवार सामुदायिक वनका सचिव जगन्नाथप्रसाद कुर्मीको भनाइ छ । सडक पूर्वाधार विकास कार्यालय बुटवलका इन्जिनियर हितेन्द्र माझीले ५० प्रतिशत मात्र काम सम्पन्न भएको जनाउँदै सडकमा रहेका रुखको कटानी आदेश सम्बन्धित निकायबाट पाउन नसक्दा अवरोध पुगेको बताए । जिल्ला वन डिभिजन कार्यालयमा संयुक्त बैठक बस्दा मर्चवार सामुदायिक वनले आफ्नो वार्षिक कार्ययोजनामा समावेश गरी वार्षिकरुपले रुख कटान गर्न सकिने निष्कर्ष आएको इन्जिनियर माझीको भनाइ छ । इन्जिनीयर माझीका अनुसार डिभिजन वन कार्यालयमा भएको बैठकको निष्कर्षअनुसार एक वर्षमा अधिकतम २५ वटा मात्र रुख कटान गर्न सकिन्छ । सबै रुख हटाउन पाँच वर्ष लाग्नसक्छ । सिँचाइको नाममा रहेको नहरको जग्गा प्रदेश सरकारलाई हस्तान्तरण नहुञ्जेल रुख कटान सहज नहुने माझीको भनाइ छ । इन्जिनियर माझीका अनुसार लुम्बिनी प्रदेशको गौरवको योजनामा सूचीकृत गराउन मर्चवारका पालिका र योजना आयोगबीच छालफल गरी प्रक्रिया अघि बढाइएको र सूचीकृत भएपछि मात्र केही निकास निस्किने छ । मर्चवारको निर्माणाधीन फोरलेन सडकलाई लुम्बिनी प्रदेशको गौरवको योजनामा सूचीकृत गर्न र अवरोध हटाउन सबै सरोकारवालाबीच परामर्श भइरहेको लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री वसीउद्दीन खाँको भनाइ छ । प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री खाँले विकासका दृष्टिले विकट मानिने मर्चवार क्षेत्रको सार्थक विकासका लागि सडक निर्माणमा अवरोध गर्ने रुखलाई हटाई निर्माणलाई तीव्रता दिने प्रयासमा सबै सरोकारवाला लगिपरेको बताए । *-रासस*

## १५ दिने दावी विरोध सम्बन्धी सूचना

*मिति : २०८०/१०/१५*

प्रस्तुत विषयमा साविक तानसेन नगरपालिका वडा नं.६, वसन्तपुर टोल ठेगाना भई हाल तानसेन नगरपालिका वडा नं.३, वसन्तपुरटोलस्थित क्षेत्रराज शाक्यको नाती, कुलराज शाक्यको छोरा यजु राज शाक्यको नाममा दर्ता कायम रहेको कित्ता नं. १९९ क्षेत्रफल ०-०-३-३, कित्ता नं. २०० क्षेत्रफल ०-०-३-१ को जग्गामा घर बनाउन लागेको र पश्चिमतर्फको सधीयार निलाम्वरध्वज मास्के सम्पर्कमा नआएकाले उक्त हाम्रो जग्गामा घर निर्माणको लागि नक्सा पास हुन नसकेकाले यो सूचना प्रकाशित गरिएको छ । जग्गाधनी यजु राज शाक्यले प्रकाशित गरेको सूचना मितिले १५ दिनभित्र सधीयार निलाम्वरध्वज मास्केको कुनै दावी विरोध रहेमा स-प्रमाण सहित तानसेन नगरपालिका कार्यालयको नक्सा शाखामा दावी विरोध गर्न आउनुहुन सादर अनुरोध गरिन्छ । अन्यथा सोही बमोजिम नाप नक्सा तथा निर्माण कार्य सूचारु हुने यसै सूचनाबाट जानकारी गराइन्छ ।

इति सम्वत २०८० साल माघ १४ गते रोज १ शुभम्...।

## खेलकुद समाचार

# वेस्ट इन्डिजद्वारा अस्ट्रेलिया पराजित



**काठमाडौं,** माघ १४/वेस्ट इन्डिजद्वरा टेस्ट क्रिकेटमा अस्ट्रेलिया पराजित भएको छ । ब्रिसबेनमा भएको दोस्रो टेस्ट क्रिकेटमा वेस्ट इन्डिजले २७ वर्षपछि अस्ट्रेलियालाई ८ रनले हराएको हो ।

वेस्ट इन्डिजले दिएको २ सय १६ रनको लक्ष्य पछ्याएको अस्ट्रेलिया २ सय ७ रन बनाउँदा अलआउट भयो । अस्ट्रेलियाका स्टेभिन स्मिथ ९१ रनमा नटआउट रहे । वेस्ट इन्डिजका शमर जोसेफले ७ र अल्जारी जोसेफले २ विकेट लिए । सन् १९९७ पछि पहिलो पटक वेस्ट इन्डिजले अस्ट्रेलियालाई उसकै भूमिमा हराएको हो । वेस्ट इन्डिज दोस्रो इनिङ्समा १ सय ९३ बलमा अल आउट भएको थियो । वेस्ट इन्डिजका किर्क म्याककेन्जीले सर्वाधिक ४१ रन बनाए । अस्ट्रेलियाका जोश हेजलवूड र नाथन लायनले समान ३ विकेट लिए ।यसअघि टस जितेर ब्याटिङ गरेको वेस्ट इन्डिजले पहिलो इनिङ्समा ३ सय ११ रन बनाएको थियो । वेस्ट इन्डिजका जोशुआ डा सिल्भाले ७९ र कभिम हजले ७१ रन बनाए । अस्ट्रेलियाका मिचेल स्टार्कले ४ विकेट लिए । अस्ट्रेलियाले पहिलो इनिङ्समा ९ विकेट गुमाएर २ सय ८९ रन बनाउँदा इनिङ्स सकिएको घोषणा गरेको थियो । अस्ट्रेलियाका उसमान खवाजाले ७५, एलेक्स केरीले ६५ र कप्तान प्याट कमिन्सले नट आउट ६४ रना बनाए ।

वेस्ट इन्डिजका अल्जारी जोसेफले ४ विकेट लिए । आजको नतिजासँगै २ खेलको टेस्ट क्रिकेट शृङ्खला १-१ को बराबरीमा सकिएको छ । पहिलो टेस्ट अस्ट्रेलियाले १० विकेटले जितेको थियो । यस्तै अस्ट्रेलियाले डे-नाइट टेस्ट क्रिकेट हारेको पहिलो पटक हो । यसअघि अस्ट्रेलियाले लगातार ११ वटा डे-नाइट टेस्ट क्रिकेट जितेको थियो ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा
विज्ञापन दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा दोहोरो अंकको सुधार



**पाल्पा,** माघ १४/गत साता निरन्तर ओरालो देखिएको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा यो सातामा कारोबारको पहिलो दिन भने दोहोरो अंकको सुधार देखिएको छ । आइतबार नेप्से परिसूचक १० दशमलव ३७ अंकले बढेर दुई हजार ९४ दशमलव ४६ को बिन्दुमा कायम भएको हो ।

तीन सय ६ कम्पनीको एक करोड सात लाख ५१ हजार एक सय ६४ कित्ता शेयर एक लाख सात सय ८२ पटक खरिद बिक्री हुँदा रू तीन अर्ब ८३ करोड ३७ लाख ७६ हजार पाँच सय ८० बराबरको कारोबार भएको छ । बैंकिङ समूह शून्य दशमलव ०९, होटल तथा पर्यटन समूह एक दशमलव ८६, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ४९ र म्युचुअल फन्ट शून्य दशमलव ०४ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जलविद्युत समूह एक दशमलव ३३ र अन्य समूह एक दशमलव ३२ प्रतिशतले बढेको छ । मिड सोलु हाइड्रोपावर लिमिटेड र माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने चन्द्रागिरि हिल्स लिमिटेडको शेयर मूल्य ९ दशमलव ८६ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३३ करोड ५३ लाख ४५ हजार आठ सय ८७ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा ङादी ग्रुप पावर लिमिटेडको छ लाख ९० हजार एक सय २२ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई